# कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२

प्रस्तावनाः कर्णाली प्रदेशका युवाहरूमा रहेको नवीनता, सृजनशीलता एवं प्रतिभाको कदर गर्दै युवाहरूमा सकारात्मक सोच एवं रचनात्मकता विकास गर्न युवा प्रतिभाहरूको पहिचान एवम् प्रोत्साहनलाई समयसापेक्ष, प्रभावकारी, व्यवस्थित र पारदर्शी रूपमा सञ्चालन गर्न आवश्यक भएकोले,

कर्णाली प्रदेश आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०८१ को दफा ६१ को उपदफा (३) ले दिएको अधिकार प्रयोग गरी कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयले यो मापदण्ड बनाई जारी गरेको छ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यो मापदण्डको नाम "कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयन मापदण्ड, २०८२" रहेको छ।

(२) यो मापदण्ड तुरुन्त प्रारम्भ हुनेछ।

२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) "प्रदेश" भन्नाले कर्णाली प्रदेशलाई सम्झनुपर्छ।

(ख) "मन्त्रालय" भन्नाले कर्णाली प्रदेश सरकारको सामाजिक विकास मन्त्रालयलाई सम्झनुपर्छ।

(ग) "युवा समूह" भन्नाले दफा ८ बमोजिमको क्षेत्रमा उल्लेखनीय योगदान पुऱ्याएका दुई वा सोभन्दा बढी युवाको समूहलाई सम्झनुपर्छ।

(घ) "युवा" भन्नाले सोह्र वर्ष देखि चालिस वर्षसम्मको युवालाई सम्झनुपर्छ।

(ङ) "समिति" भन्नाले दफा ७ बमोजिमको युवा प्रतिभा पहिचान तथा प्रोत्साहन छनोट समिति सम्झनुपर्छ।

३. कार्यक्रम सञ्चालन विधिः (१) स्वीकृत वार्षिक कार्यक्रम अनुसारको प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयन गर्न मन्त्रालयले प्रदेशस्तरको दैनिक पत्रिकामा कम्तीमा तीस दिनको सूचना प्रकाशन गर्नु पर्नेछ र त्यस्तो सूचना मन्त्रालय एवम् जिल्लास्थित सामाजिक विकास कार्यालयको वेबसाइट र सूचना पाटीमा समेत प्रकाशन गर्नुपर्नेछ।

(२) उपदफा (१) बमोजिम प्रकाशित सूचना अनुसार कार्यक्रममा सहभागि हुन ईच्छुक दफा ४ बमोजिमको योग्यता पुगेका युवा वा युवा समूहले तोकिएको म्यादभित्र अनुसूची-१ को ढाँचामा आवेदन र अनुसूची-२ को ढाँचामा स्वःघोषणा पत्र सहितको प्रस्ताव मन्त्रालयमा पेश गर्नु पर्नेछ।

(३) उपदफा (२) बमोजिम पेश हुन आएका प्रस्तावलाई अनुसूची-३ बमोजिमको मूल्याङ्कन सूचकका आधारमा दफा ७ बमोजिमको समितिले आवश्यक जाँचबुझ एवम् मूल्याङ्कन

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

गरी उपयुक्त देखिएका युवा वा युवा समूहलाई प्रोत्साहनका लागि मन्त्रालयसमक्ष सिफारिस गर्नुपर्नेछ।

(४) मन्त्रालयले उपदफा (३) बमोजिम सिफारिस भएका युवा वा युवा समूहलाई बैङ्क खाता मार्फत् प्रोत्साहन रकम भुक्तानी गर्नुपर्नेछ र यसरी भुक्तानी गर्दा प्रचलित कानून बमोजिम करकट्टी गर्नुपर्ने भएमा सो गरी मात्र भुक्तानी गर्नुपर्नेछ।

४. प्रस्ताव पेश गर्ने न्यूनतम योग्यताः यस मापदण्ड बमोजिमको कार्यक्रममा सहभागि हुन चाहने युवा वा युवा समूहले देहाय बमोजिमको योग्यता पूरा गरेको हुनुपर्नेछः-

(क) १६ वर्ष उमेर पूरा भई ४० वर्ष ननाघेको हुनुपर्ने,

(ख) कर्णाली प्रदेशको स्थायी वासिन्दा भएको हुनुपर्ने,

(ग) दफा ८ बमोजिमको कुनै क्षेत्रमा मौलिक, नवीन, सिर्जनशील र रचनात्मक कार्य गरी स्थानीय, प्रादेशिक, राष्ट्रिय वा अन्तराष्ट्रियस्तरमा ख्याती प्राप्त गरेको हुनुपर्ने,

(घ) कुनै किसिमको फौजदारी अभियोगमा सजाय नपाएको वा अन्य कुनै कानूनले अयोग्य नभएको।

५. प्रस्ताव पेश गर्ने विधिः दफा ३ बमोजिम प्रस्ताव पेश गर्न चाहने युवा वा युवा समूहले देहायका कागजात संलग्न गरी सूचनामा तोकिएको अवधिभित्र प्रस्ताव पेश गर्नुपर्नेछ।

(क) अनुसूची-१ को ढाँचा बमोजिमको निवेदन,

(ख) व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

(ग) अन्य प्रदेशबाट आएका व्यक्तिको हकमा नियमानुसारको बसाइँसराइँ दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(घ) समूहको हकमा प्रचलित कानून बमोजिम स्थानीय तहमा वा अन्य कुनै निकायमा नियमानुसार दर्ता वा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि (कतै दर्ता नभएको भए सम्बन्धित स्थानीय तहको सिफारिस),

(ङ) प्रतिभा दावी गर्नका लागि पेश गरेको उत्कृष्ट ख्याती वा योगदान आफै वा आफ्नो समूहको मौलिक सिर्जना हो भन्ने पुष्टयाई गर्ने आधार वा प्रमाण,

(च) आफ्नो प्रतिभा पुष्टि गर्ने कुनै प्रतिवेदन, श्रव्यदृष्य सामग्री, भिडियो डकुमेन्ट्री वा अन्य सम्बन्धित प्रमाण भए सो,

(छ) स्थानीय, प्रादेशिक राष्ट्रिय वा अन्तराष्ट्रियस्तरको प्रतिभा वा सिर्जनात्मक प्रतियोगितामा सहभागी भई विजयी भएको भए सोको प्रमाणपत्र वा प्रशंसापत्रको प्रतिलिपि,

(ज) बैङ्क खाता र सोको विवरण

(झ) अनुसूची-२ बमोजिमको स्वघोषणापत्र।

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

६. <u>प्रोत्साहन गरिने युवा वा युवा समूहको संख्याः</u> कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रम कार्यान्वयनका लागि देहाय बमोजिमको संख्याका व्यक्ति वा व्यक्ति समूह छनोट गरी प्रोत्साहन गरिनेछ।

(क) कर्णाली प्रदेश अन्तर्गतका प्रदेश निर्वाचन क्षेत्रबाट एक/एकवटा युवा वा युवा समूहको प्रतिनिधित्व हुने गरी बढीमा चौबिस युवा वा युवा समूह।

(ख) कर्णाली प्रदेशस्तरमै उत्कृष्ट देखिएका तीन युवा वा युवा समूह।

७. <u>छनोट समितिः</u> (१) दफा ३ बमोजिम प्राप्त प्रस्ताव मध्येबाट नवीन, सृजनशील एवम् प्रतिभावान युवा वा युवा समूह छनोट गरी प्रोत्साहनका लागि मन्त्रालयसमक्ष सिफारिस गर्न देहाय बमोजिमको एक युवा प्रतिभा पहिचान तथा प्रोत्साहन छनोट समिति रहनेछः-

(क) सचिव, मन्त्रालय -संयोजक

(ख) अधिकृत प्रतिनिधि, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय-सदस्य

(ग) अधिकृत प्रतिनिधि, प्रदेश योजना आयोग -सदस्य

(घ) युवा क्षेत्रमा क्रियाशिल संघसंस्था मध्येबाट मन्त्रालयबाट मनोनीत एकजना महिला सहित तीनजना -सदस्य

(ङ) युवा तथा खेलकुद महाशाखा प्रमुख, मन्त्रालय -सदस्य सचिव

(२) समितिले बैठकमा आवश्यकता अनुसार सम्बन्धित विषय विज्ञ तथा सम्बन्धित महाशाखाका कर्मचारीलाई आमन्त्रण गर्न सक्नेछ।

(३) समितिले कर्णाली प्रदेश खर्च मापदण्डको परिधिभित्र रही कार्यक्रमको प्रशासनिक खर्चबाट व्यहोर्ने गरी नियमानुसार बैठक भत्ता प्राप्त गर्न सक्नेछ।

(४) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ।

८. <u>प्रतिभा पहिचानको क्षेत्रः</u> मन्त्रालयले देहायका क्षेत्रमा उत्कृष्ट कार्य गर्ने युवा वा युवा समूहबाट प्रतिभा पहिचान गर्नेछः-

(क) विज्ञान तथा सूचना प्रविधि (समाज, प्रदेश वा राष्ट्रलाई ठोस योगदान पुग्ने कुनै यन्त्र, उपकरणको निर्माण, सुधार, परिमार्जन, प्रयोग, प्रविधिको अन्वेषण र आविष्कार आदि कार्य),

(ख) कला, संस्कृति, पर्यटन, साहित्य सृजना, गीत र सङ्गीत, मौलिक कला साहित्य (रचना, गायन, बाद्यवादन आदि) चलचित्र तथा मनोरञ्जन,

(ग) शिक्षा र रोजगारी (उद्योग, उद्यमशीलता,व्यवसाय),

(घ) वातावरण संरक्षण तथा दिगो विकास,

(ङ) अध्ययन अनुसन्धान एवम् नवीनतम तथा सिर्जनशील कार्य,

(च) लागु पदार्थ तथा दुर्व्यसन नियन्त्रण,

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

(छ) सामाजिक, सांस्कृतिक, आर्थिक रूपान्तरण कार्य र

(ज) कृषि, जडिबुटी तथा वन पैदावार।

९. <u>छनोटका आधार</u>: दफा ७ बमोजिमको समितिले युवा वा युवा समूह छनोट गर्दा अनुसूची-३ बमोजिमको मूल्याङ्कन सूचकका आधारमा सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उत्कृष्ट युवा वा युवा समूहलाई प्रोत्साहनका लागि सिफारिस गर्नुपर्नेछ।

१०. <u>विनियोजित रकमको बाडफाँट</u>: कर्णाली प्रदेश युवा प्रतिभा पहिचान कार्यक्रमका लागि विनियोजित रकम देहाय बमोजिम बाडफाँट गरी कार्यक्रम कार्यान्वयन गरिनेछः-

(क) समितिले सिफारिस गरेका चौबिस जना युवा वा युवा समूहमध्ये जनही पचास हजार रूपैंयाका दरले बाह्र लाख रुपैयाँ,

(ख) कर्णाली प्रदेशका उत्कृष्ट तीनजनालाई जनही पचास हजार रुपैयाँका दरले रु. एक लाख पचास हजार रुपैयाँ र

(ग) कार्यक्रम सञ्चालनका लागि आवश्यक प्रशासनिक खर्चबापतको एकमुष्ट रकम रु. एक लाख पचास हजार।

११. <u>प्रोत्साहनको अभिलेख</u>: प्रोत्साहन प्रदान गरिएका युवा वा युवा समूहको नाम र प्रोत्साहन गरिएको रकमको अभिलेख मन्त्रालयले आफ्नो वेबसाइटमार्फत् सार्वजनिक गर्नेछ।

१२. <u>पुनः सिफारिस नगरिने</u>: यस मापदण्ड बमोजिमएक पटक प्रोत्साहन प्राप्त गरेको युवा वा युवा समूहलाई प्रोत्साहन प्राप्त गरेको पाँच वर्षसम्म पुनः प्रोत्साहनका लागि सिफारिस गरिने छैन।

१३. <u>दण्ड सजाय</u>: यस मापदण्ड बमोजिम प्रोत्साहनको सुविधा लिन कुनै युवा वा युवा समूहले गलत कागजात पेश गरेमा, अन्य कसैको सिर्जनालाई आफ्नो मौलिक सिर्जना भनी पेश गरेमा र प्रचलित कानून बमोजिमको प्रतिलिपि अधिकारको उल्लंघन गरेमा सोको जिम्मेवार सम्बन्धित युवा वा युवा समूह नै हुनेछ र निजलाई प्रचलित कानून बमोजिम कारवाही गरिनेछ।

१४. <u>प्रचलित कानून बमोजिम हुने</u>: यस मापदण्डमा उल्लेखित भएको विषयको हकमा यसै बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री

अनुसूची-१

(दफा ३ को उपदफा (२) र दफा ५ को खण्ड (क) सँग सम्बन्धित)

**<u>आवेदनको ढाँचा</u>**

श्री सामाजिक विकास मन्त्रालय,
वीरेन्द्रनगर, सुर्खेत।

| फोटो |
|---|

विषयः युवा प्रतिभा पहिचान र प्रोत्साहनका लागि आवेदन सम्बन्धमा।

महोदय,

कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालयको मिति..................मा प्रकाशित सूचना बमोजिम पुरस्कार प्रदान गरिपाऊँ भनी देहाय बमोजिमको विवरण तथा कागजात संलग्न गरी यो आवेदन पेश गरेको छु।

१. नाम थरः (क) नेपालीमाः (ख) अंग्रेजीमाः

२. ठेगानाः (क) अस्थायी ठेगानाः (ख) स्थायी ठेगानाः

३. सम्पर्क नं.

४. इमेल ठेगानाः

५. युवा प्रतिभाको प्रकृति र विवरणः

<u>संलग्न कागजातहरूः</u>

(क) उल्लिखित क्षेत्रमा गरेको योगदान खुल्ने प्रतिवेदन, श्रव्यदृष्य सामग्री, भिडियो डकुमेन्ट्री वा अन्य सम्बन्धित प्रमाण,

(ख) कुनै संस्थासँग सम्बन्धित भई उल्लिखित क्षेत्रमा योगदान गरेको भए सम्बन्धित संस्थाको सिफारिस सहित संस्थाको आधिकारिक व्यक्तिको सम्पर्क नम्बर खुल्ने कागजात र

(ग) निवेदन दिने व्यक्ति वा समूहका सदस्यहरूको हालसालै खिचेको फोटो, नेपाली नागरिकता र माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्रको आफैले प्रमाणित गरेको प्रतिलिपि।

*माथि उल्लिखित व्यहोरा तथा कागजात ठीक साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउँला।*

निवेदकको नाम थरः

दस्तखतः

प्रदेश सचिव

अनुसूची-२

(दफा ३ को उपदफा (२) र दफा ५ को खण्ड (झ) सँग सम्बन्धित)

स्वःघोषणापत्र

जिल्ला ............ गा.पा./न.पा. ....................... वडा नं. .......... बस्ने श्री .................. को छोरा/छोरी वर्ष ....... को म ................ को प्रतिभा मेरो आफ्नो हो। मैले हालसम्म कुनै किसिमको फौजदारी कसुरमा दोषी ठहर भई सजाय पाएको छैन।

निवेदकः

नाम थरः

दस्तखतः

ठेगानाः

फोन नं.

इमेलः

प्रदेश सचिव

अनुसूची-३

(दफा ३ को उपदफा (३) र दफा ९ सँग सम्बन्धित)

**मुल्याङ्कन सुचकको आधार**

| | |
|---|---|
| (क) सिर्जनशीलता, मौलिकता, नवीनता | -बीस अङ्क |
| (ख) योगदानले पारेको सामाजिक प्रभाव | -बीस अङ्क |
| (१) सामाजिक विकासमा योगदान गरेको | -पाँच अङ्क |
| (२) अन्धविश्वास कुरीति विरुद्ध जनचेतना फैलाउने | -पाँच अङ्क |
| (३) सामाजिक सांस्कृतिक पक्षको जगेर्ना गर्ने | -पाँच अङ्क |
| (४) स्थानको भौगोलिक विशेषता जनाउने र प्रचार गर्ने | -पाँच अङ्क |
| (ग) योगदानले पारेको आर्थिक प्रभाव | -बीस अङ्क |
| (१) सिर्जनाबाट गरेको आम्दानी ५ लाख वा सो भन्दा बढी भए | -दस अङ्क |
| (२) सिर्जनाबाट गरेको आम्दानी ५ लाखसम्म | -पाँच अङ्क |
| (३) रोजगारी सिर्जना गरेको | -दस अङ्क |
| (४) रोजगारी सिर्जना नगरेको | -पाँच अङ्क |
| (घ) योगदानले भौगोलिक क्षेत्रमा पारेको प्रभाव | -बीस अङ्क |
| (१) भौगोलिक विकासमा लगानी आकर्षण गरेको | -बीस अङ्क |
| (ङ) प्रेरणाप्रद | -दस अङ्क |
| (१) युवा बालबालिकालाई प्रेरित गर्ने | -पाँच अङ्क |
| (२) समाजका लागि उदाहरणीय रहने | -पाँच अङ्क |
| (च) योगदानका लागि गरेको लगानी | -दस अङ्क |
| (१) सिर्जनाका लागि गरेको लगानी एक लाखभन्दा बढी भए | -दस अङ्क |
| (२) सिर्जनाका लागि गरेको लगानी एक लाखसम्म भए | -पाँच अङ्क |

प्रदेश सचिव

घनश्याम भण्डारी
मा. मन्त्री